श्री सर्वोच्च अदालतमा चढाएको

निवेदनपत्र

**विषयः** <u>नेपालको  संविधानको धारा ४६ १३३(२) (३) बमोजिम प्रतिषेधयुक्त परमादेश, उत्प्रेषण लगायत जो चाहिने उपयूक्त आदेश वा पुर्जी जारि गरि पाउ</u> ।

का.जि. का.म.न.पा. वडा नं. ३१ बस्ने बरिष्ठ अधिवक्ता  दिनेश त्रिपाठी ........१    निवेदक

**<u>विरुद्ध</u>**

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिहदरबार, काठमाडौ...................१

प्रतिनिधि सभा सचिवालय,  सिहदरबार काठमाण्डौ......................................१

सिन्धुपाल्चोक जिल्ला क्षेत्र न. १ बाट निर्वाचित प्रतिनिधि सभा सदस्य अग्नि सापकोटा ..........................................................................१    <u>बिपक्षी</u>

प्रतिनिधि सभाका ज्येष्ठ सदस्य महत ठाकुर ..........................................१

नेपाल सरकार, गृहमन्त्रालय, सिहदरबार काठमाण्डौ....................................१

प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाण्डौ................................................ १

जिल्ला प्रहरी कार्यालय, काभ्रे ...............................................................१

जिल्ल्ला प्रहरी कार्यालय, सिन्धुपाल्चोक ..............................................…१

म निवेदक निबेदन वापत लाग्ने दस्तुर रु.५००/- सलग्न  राखी निम्न बमोजिमको निबेदन गर्दछु ।

१. म लामो समय देखी कानून व्यवसाय एवं कानूनी राज्य संबैधानिक सर्वोच्चता एवं नागरिक अधिकारको  संरक्षण र सम्बर्धनको लागी कृयाशील रहदै आएको छु । मैले संयुक्त राज्य अमेरीकाबाट कानूनमा स्नातकोत्तर गरेको छु । नेपालको  लोकतन्त्र  कानूनी राज्यको, नागरिक अधिकारका  लागी भएका हरेक आन्दोलनहरुमा निरन्तर कृयाशील एवं सहभागी हुदै

आएको छु। म मानब अधिकारको दक्षिण एशीयाली संगठन South Asians for Human Rights को निर्वाचित कार्यकारीणी सदस्यको रूपमा लामो समय सम्म कार्य गरिसकेकोछु ।

२. म निवेदक कानूनी राज्य, संवैधानिक सर्वोच्चता एवं न्यायको क्षेत्रमा निरन्तर कृयाशील रहदै आएकोले नेपालको बिधि निर्माणको प्रमूख अंग कसरि संचालन हुन्छ एवं यसको प्रमुख संचालनकर्ता को हुन्छ भन्ने बिषयमा मेरो सार्थक सरोकार रहेको छ । संसद राष्ट्रको भाग्य र भविष्य निर्धारण गर्ने थलो हो । यसलाई लोकतन्त्रको मन्दिर भनेर चिनिन्छ । तसर्थ यसका सदस्य एवं पदाधिकारीहरुको चरित्र स्वच्छ एवं निष्कलंक हुनु आवश्यक छ । यदि संसदमा गम्भीर अपराधका आरोपी वा छानबीनको प्रक्रियामा रहेका व्यक्तिहरु यसको नेतृत्व वा प्रमूख संचालक हुने हो भने संसदको पबित्रता एवं स्वच्छता समाप्त भएर जान्छ एवं संसद अपराधिक तत्वहरुको क्रीडास्थल बन्न पुग्दछ । यदी संसद अपराधीक तत्वहरुको क्रिडास्थल बन्ने हो भने जनतामा निहीत सार्वभैमसत्ता अर्थहिन बन्न पुग्ने तथ्य स्वयम सिद्ध छ ।

३. सत्तारुद नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा) ले सिन्धुपाल्चोक क्षेत्र १ बाट प्रतिनिधि सभा निर्वाचित भएका अग्नि सापकोटा लाइ सभामुखको उम्मेदवार बनाउने समाचार सार्वजनिक भएको छ एवं निजले सभामूख पदको लागि उम्मेद्वारी दर्ता गरिसकेको अवस्था समेत छ । तर निज अग्नि सापकोटा अहिले पनि कर्तब्य ज्यान जस्तो गम्भीर मुद्दामा काभ्रे प्रहरीको छानबीनमा परेका रहेका व्यक्ति हुन । निज बिरुद्द अर्जुन लामाको कर्तब्य ज्यान मुद्दामा काभ्रे प्रहरीमा जाहेरी दरखास्त परेको छ एवं काभ्रे प्रहरीले निजको निरन्तर खोजतलास गरिरहेको जनाएको छ । निज अग्नी सापकोटा विरुद्ध काभ्रे जिल्लाका अर्जुन बहादुर लामालाई २०६२ साल वैशाख १६ गते श्रीकृष्ण मावि दाप्चामाको अभिभावक भेला स्थलबाट अपहरण गरी बेपत्ता बनाई सोही सालको श्रावण महिनाको तेश्रो हप्तातिर मृतक आफैलाई नै खाडल खन्न लगाई जिवितै सो खाडलमा पुरी हत्या गरेको सम्बन्धमा मृतक अर्जुन लामाकी श्रीमती पर्णिमाया लामाले २०६४ सालमा काभ्रे जिल्ला प्रहरी कार्यालयमा कर्तव्य ज्यानसम्बन्धी मुद्दाको जाहेरी लिई गएकी थिइन् । प्रहरीद्वारा उक्त जाहेरी दर्खास्त दर्ता गर्न निरन्तर इन्कार गरे पश्चात सम्मानित सर्वोच्च अदालतद्वारा मिति २०६४ फाल्गुन २२ गते परमादेशको आदेश आदेश जारि गरे पछि मात्रै जिल्ला प्रहरी काभ्रेले उक्त जाहेरी दर्ता गरेको हो । र साथै निज अग्नि सापकोटा बिरुद्द काभ्रे प्रहरीले पक्राउ पुर्जी समेत जारि गरि जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोक, इलाका प्रहरी कार्यालय कात्तिके देउराली र श्यामपाटी प्रहरी चौकीमा पटकपटक पत्र लेखी निज सापकोटालाई उपस्थित गराउन पत्रचार गरेको थियो । तर, पक्राउ गर्न खटिएका प्रहरी कर्मचारीले निज फेला नपरेको प्रतिवेदन दिएका थिए । यसै सम्बन्धमा बाबुराम भट्टराई नेतृत्वको मन्त्रिपरिषद्द्वारा निज बिपक्षी बिरुद्दको जाहेरी दर्खास्तलाइ 'तामेली' मा राख्ने निर्णय गर्यो । तत्कालिन मन्त्रिपरिषद्को

निर्णय विरुद्ध २०६९ मंसिर ७ साम्मनित सर्वोच्च अदालतमा रिट दर्ता भए पश्चात सो रिटमा मिति २०६९/८/११ गते  कारण देखाउ आदेश जारि हुनुका साथै मन्त्रिपरिषद्को उक्त निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश समेत जारि भएको थियो । उक्त रिट  सम्मानित सर्वोच्च अदालतमा हाल सम्म विचाराधीन रहेको छ ।

४. गम्भीर अपराधको अनुसन्धान प्रक्रियामा रहेका निजलाई सभामूख  जस्तो अत्यन्त गरीमामय पदमा राजनीतिक दल हरुले उम्मेदवार बनाउनु  लोकतन्त्रको मन्दिरको रूपमा रहेको संसद्को घोर अपमान हो । संसदले राष्ट्रको आत्मालाइ बाणी प्रदान गर्दछ । यो नागरिकहरुको लोकतान्त्रिक प्रतिनिधित्वको सबै भन्दा सशक्त तथा प्रभावकारी माध्यम हो इ संसद्को छाबि धुमिल हुनु भनेको राष्ट्रको छबि नै धुमिल हुनु हो । तसर्थ प्रतिनिधि सभाको सभामूका पदमा कर्तब्य ज्यान जस्तो मुद्दाको अनुसन्धान वा छानबीनको प्रक्रियामा रहेको व्यक्तिलाइ सभामूक बनाइनु सर्वथा गैरकानूनी, बदनियतपूर्ण, गैरसंबैधानिक तथा लोकतन्त्र तथा विधिको शासनको आधारभूत मूल्य र मान्यता बिपरित रहेकोले सो सम्बन्धि कानूनी उपचार तथा सो लाइ बदर माग गर्न सम्मानीत अदालतको शरण पर्न वाध्य भएको छु । यसै अदालतको आदेशले अनुसन्धानको दायरामा रहेका निजलाई मन्त्री जस्तो गरिमामय पदको जिम्मेवारीले सम्मानीत अदालतको अपहेलना समेत हुन पुगेको छ। यस सम्बन्धमा मैले निम्न प्रकरणहरुमा उल्लेख गरेको छु /

(क) नेपालको संविधानको धारा १६ ले प्रत्येक व्यक्तिलाई सम्मानपुर्वक बाच्न पाउने हकलाई सुनिश्चित गरेको छ । कुनै पनि व्यक्तिको सम्मानपुर्वक बाच्न पाउने हक शुन्यको अवस्थामा सुनिश्चित हुनसक्दैन । यसका लागि राज्यले हरेक व्यक्ति वा नागरिकले सम्मानपूर्वक बाच्नका लागि आवश्यक पर्ने अवस्था, दशा एवं अवस्था समेत सुनिश्चित गर्नु पर्ने हुन्छ । कुनै पनि समाजमा न्याय एवं सूरक्षा प्रत्याभूत नभई व्यक्ति तथा नागरिकको सम्मान पुर्वक बाच्ने अधिकार सूनिश्चित हुनसक्दैन । यथार्थमा भन्ने हो भने न्यायको अधिकार  नागरिकको सम्मानपूर्वक बाच्न पाउने अधिकारबाट नै निसृत अधिकार हो । तसर्थ समाजमा न्यायको पूर्ण प्रत्याभूति गर्नु राज्यको प्राथमिक कर्तब्य हो । त्यसैगरी संविधानको धारा १८ ले समानताको हक सुनिश्चित गरेकोछा । यस हकले एकातिर हरेक नागरिकहरुलाई राज्यबाट समान व्यवहार तथा राज्यको समान सरक्षणको प्रत्याभूति प्रदान गर्दछा भने अर्कोतिर यसले राज्यको स्वेच्छाचारिता बिरुद्द्द नागरिकहरुलाई सूरक्षा प्रदान गर्दछ । यसको स्पष्ट अर्थ के पनि हो भने अपराधबाट पिडित हरेक नागरिकलाई न्याय प्राप्त गर्ने हमान हक छ भने अर्कोतिर अपराधमा सलग्न हरेक व्यक्तिलाई समान रूपमा दण्डित  गर्नु पर्ने कर्तब्य समेत अन्तर्निहित छ । राज्यले यस सम्बन्धमा कसैलाई न्याय प्रदान गर्ने/नगर्ने  वा अपराध कार्यमा सलग्न कसैलाई दण्डित

गर्ने/नगर्ने स्वेच्छाचारी अधिकार प्राप्त छैन । यो एउटा आधारभूत संबैधानिक मूल्य र मान्यता हो जसलाई सबै सभ्य एवं लोकतान्त्रिक मूलूकहरुले ग्रहण एवं अनूपालाना गरेका हुन्छन । तसर्थ कुनै पनि नागरिक न्यायबाट बन्चित तथा कुनै पनि अपराध अदण्डित रहन सक्दैन । यसै सम्बन्धमा संविधानको धारा २१ ले अपराध पिडितको हक समेतलाइ सुनिश्चित गरेको छ जसको प्रभावकारी कार्यान्वयन गर्नु राज्यको आधारभूत कर्तब्य हो ।

(ख) मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन २०७४ दफा ६ ले प्रमाण लोप वा नास हुन् नदिन र कसूर गर्ने व्यक्ति उम्कन नदिन व्यवस्था गर्नु पर्ने व्यवस्था गर्नु का साथै दफा ६(५) ले प्रहरी कर्मचारीले कसूरदारलाइ पक्राउ गर्न कुनै निकाय, अधिकारि वा व्यक्तिसंग मद्दत माग्ने व्यवस्था गर्नुका साथै सोहि संहिताको दफा ९ ले कसूर्संग सम्बन्धित व्यक्ति गिरफ्तार गरिने व्यवस्था गरेको छ । त्यसै गरि संहिताको दफा ८ ले अनुसन्धान गरि सबूद प्रमाण संकलन गर्नु पने बाध्यात्मक व्यवस्था गरेको छ । यसबाट यदि कुनै व्यक्तिका बिरुद्द कुनै उजुरी वा अपराधको सूचना प्राप्त भएको छ भने प्रहरीले सम्बन्धित व्यक्तिलाई नियन्त्रण वा हिरासतमा लिई अनुसन्धान प्रक्रिया अघि बढाउनु पर्ने बाध्यात्मक कानूनी बन्दोबस रहेको छ । प्रहरीले यस सम्बन्धलाइ यस सम्बन्धमा अनुसन्धान नै नगर्ने कुनै स्वेच्छाचारी अधिकार राप्त छैन । अपराधको कुनै उजुरी वा सूचना प्राप्त भएपछि कानून लागू गर्ने कानूनी कर्तब्य भएका  सबै निकाय वा संयन्त्रहरु परिचालित हुनुपर्ने हुन्छ । यसै गरि प्रहरी ऐन २०१२ को दफा १५ ले  प्रहरीले पालन गर्नु पर्ने कर्तब्य सम्बन्धि व्यवस्था गरेको छ जस अनुसार - अधिकार प्राप्त अधिकारीले कानुन बमोजिम दिएको आदेश र जारी गरेको वारेण्ट तदारुखतासाथ पालन तथा तामेल गर्नु । शान्ति र व्यवस्थालाई असर पार्ने खालको खबर संकलन गर्नु र माथिल्लो अधिकारीलाई जानकारी दिनु / अपराधको रोकथाम गर्नु र जनतालाई अनावश्यक झन्झटमापर्नबाट बचाउ गर्नु, अपराधीहरू पत्ता लगाउनु र अपराधीलाई कानुनबमोजिम सजाय गराउनु, कानुनबमोजिम पक्रन पर्ने व्यक्तिलाई र पक्रनु पर्ने पर्याप्त कारण भएका व्यक्तिहरूलाई पक्रनु । ऐनले तोकेको उक्त दायित्वलाइ नेपाल प्रहरीले बेवास्ता गर्न मिल्दैन र यस सम्बन्धमा वारेन्ट जारि भएको व्यक्तिलाइ अनुसन्धानका लागि प्रस्तूत गर्न अधिकतम प्रयास गर्नु पर्दछ । तर हालसम्म प्रहरीले यस सम्बन्धमा कुनै तदारुखता नदेखाएको अवस्था छ । कानून समक्ष सबै समान छन् । कुनै व्यक्ती कुनै राजनीतिक दलमा आबद्द हुदैमा वा कुनै राजनीतिक ओहदा प्राप्त गर्दैमा उसले आपराधिक दायित्वबाट उन्मुक्ति प्राप्त गर्न सक्दैन । यदि यसो भयो भने कानूनी राज्यको आधारभूत मान्यता नै पराजित हुन पुग्द्छ एव समाजमा

आपराधीतत्वहरुको साम्राज्य स्थापित हुन पुग्दछ । कुनै पनि मुलुकमा फौजदारी न्यायप्रणालीको सक्षम कार्यान्वयनले मात्र शान्ति तथा स्थिरता प्राप्त हुन सक्छ । तर प्रस्तुत मामिलामा बिपक्षिहरुबाट बिद्दमान कानूनहरुको कुनै संम्मान गरिएको छैन । यसबाट फौजदारी न्यायको प्रक्रियालाइ अवरुद्द पारिएको छ । न्यायको प्रक्रियालाइ अवरुद्द गर्ने अधिकार लोकतन्त्रमा कसैलाई प्राप्त हुन सक्दैन । लोकतन्त्र भनेको विधिको शासनमा मात्र क्रियाशील हुन सक्छ । लोकतन्त्रले कसैलाइ आपराधिक दायित्वबाट उन्मुक्ति प्रदान गर्दैन । तसर्थ निज अग्नि सापकोटा तत्काल पक्राउ गरि मुद्दाको प्रभावकारी अनुसन्धानबाट मात्र नै न्यायको मकसद पुरा हुन सक्छ । यदि यसो भएन भने नागरिकको न्याय पाउने हक कुण्ठित एवं पराजित हुन जाने हुन्छ तर यस्तो स्पष्ट कानुनी व्यवस्थाका बावजुद पनि निज हाल सम्म न्यायको दायरामा प्रस्तुत गरिएका छैनन् । यसबाट कानून कार्यान्वयन गर्ने निकायको कानून  कार्यान्वयन प्रतिको चरम उदासिनता प्रकट हुनुका साथै फौजदारी न्याय प्रणाली एव कानूनी राज्यको ब्यापक अवमुल्यन भएको छ । कानूनको नजरमा फरार मानिस सभामूख बनाइदा यसले लोकतान्त्रिक संविधानको मर्म एवं आत्मा पराजित हुनुका साथै यसले संसद्को  पवित्रतालाई निश्चयनै नष्ट गर्नेछ  । यसबाट अपराधको मात्र राजनीतिकरण नभई राजनीतिको पनि गम्भीर रुपमा अपराधीकरण भएको तर्फ संकेत गर्द्छ । राजनीति एव  अपराधको यस किसिमको अपवित्र एव गैरकानुनी गठबन्धनले सानद एवं लोकतन्त्रलाइ नै दुषित एव अपवित्र तुल्याउने तथ्य स्वयमसिद्द छ । न्यायबाट भाग्नु भनेको न्यायिक प्रक्रियालाइ असम्मान गर्नु हो । यस्तो प्रकारको कार्यले न्यायलाइ अवरुद्द पार्द्छ । यसमा कुनै pick and choose को प्रणाली लागु हुन सक्दैन । राज्यका सबै निकाय, पदाधिकारी तथा .राज्यमा बसोबास गर्ने सबै नागरिकहरुका लागि कानून बाध्यात्मक हुन्छ । राज्यका कुनै पनि पदाधिकारी तथा निकायलाई कानूनलाइ अवमानना गर्ने छुट वा सुबिधा प्राप्त हुन सक्दैन ।  न्यायलाई असहयोग गर्ने व्यक्ति मुलुकको सर्वोच्च कानून निर्माण गर्ने संस्थाको प्रमूखको पदमा  पुग्ने तथ्य आफैमा बिडम्बनापूर्ण छ । कानूनी एव सबैधानिक सर्वोच्चताको वकालत गर्ने नागरिकको नाताले यसमा मेरो गम्भीर तथा सार्थक सरोकार रहेको छ ।

(ग) हाल नेपाल ठुलो संख्यामा अन्तराष्ट्रिय मानव अधिकार सम्बन्धि महासन्धि हरुको पक्षकार राष्ट्र रहेको छ । अन्तराष्ट्रिय  मानव अधिकार सम्बन्धि दस्तावेजहरुले न्यायको अधिकारलाई महत्वपुर्ण स्थान प्रदान गरेका छन् ।  प्रभावकारी उपचार को प्रत्याभूति गर्ने अन्तर्राष्ट्रिय कानूनहरुमा खासगरि मानव अधिकारको विश्वव्यापी घोषणा पत्र को धारा ८, नागरीक तथा राजनैतिक अधिकार सम्बन्धी संयुक्त

राष्टसंघिय अनुबन्ध रहेका छन्। नेपालले नागरिक तथा राजनैतिक अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय अनुवन्ध १९६६ लाई सन् १९९१ को मे १२. तारेखमा अनुमोदन गरि यसको पक्ष राष्ट्र भएको छ। यो अनुवन्धको धारा २ (३) ले प्रभावकारी उपचारको हक सम्वन्धी व्यवस्था गरेको छ । धारा २(३) को व्यवस्था निम्न अनुसारको रहेको छ - Each State Party to the present Covenant undertakes (a) To ensure that any person whose rights or freedoms as herein recognized are violated shall have an effective remedy, notwithstanding that the violation has been committed by persons acting in an official capacity; (b) To ensure that any person claiming such a remedy shall have his right thereto determined by competent judicial, administrative or legislative authorities, or by any other competent authority provided for by the legal system of the State, and to develop the possibilities of judicial remedy; (c) To ensure that the competent authorities shall enforce such remedies when granted. र प्रभावकारी उपचारको हक अर्न्तगत न्यायको हक महत्वपुर्ण तत्वको रुपमा रहेको हुन्छ। यसका साथै उक्त प्रभावकारी उपचारको हकलाई सुनिश्चित गर्न राज्यले अपनाउनु पर्ने विभिन्न उपायहरु र तरिकाहरुको सम्वन्धमा पनि यस अनुवन्धले सम्वन्धीत पक्ष राष्ट्र उपर विभिन्न दायित्वहरु सृजना गरेको छ। त्यस्तो दायित्व अर्न्तगत अनुसन्धान गर्नु पर्ने दायित्व तथा आरोपीलाई अभियोजन गर्ने कुरा समेत पर्दछ। संयुक्त राष्ट्रसंघिय मानव अधिकार समिति, जसलाई यो महासन्धीका व्यवस्थाहरुको व्याख्या गर्ने अधिकार प्राप्त छ, ले आफ्नो व्याख्यात्मक टिप्पणी नं २ मा उल्लेखित अधिकारहरुको उल्लंघनमा परेका व्यक्तिहरुलाई प्रभावकारी उपचारको अधिकार हुने र त्यस अन्तर्गत पिडकलाई न्यायको दायरामा ल्याई दोषी पाइएको खण्डमा त्यस्ता व्यक्तिहरुलाई दण्डीत गर्नु पर्ने भनि व्याख्या गरेको छ। यसरी दोषिलाई कानुनको दायरामा ल्याई पिडीतलाई सजाय गर्नु पर्नेमा सो नगरी उल्टै पुरस्कृत गरीनु उचित हुन सक्दैन। यस सम्बनधमा **Basic Principles and Guidelines on the Right to a Remedy and Reparation for Victims of Gross Violations of International Human Rights Law and Serious Violation of International Humanitarian Law** को धारा ४ ले भनेको छ - In cases of gross violations of international human rights law and serious violations of international humanitarian law constituting crimes under international law, States have the duty to

investigate and, if there is sufficient evidence, the duty to submit to prosecution the person allegedly responsible for the violations and, if found guilty, the duty to punish her or him. Moreover, in these cases, States should, in accordance with international law, cooperate with one another and assist international judicial organs competent in the investigation and prosecution of these violations.

(घ) गंभिर कसुर खासगरि मानव अधिकारको गंभिर उल्लंघन आरोपलागेका व्यक्तिहरुलाई सार्वजनिक पदमा नियुक्त गर्न नहुने वा पदमा भएकालाई समेत पदवाट निलम्वीत गरेर मात्र अनुसन्धान अधि वढाउनु पर्ने सम्वन्धमा अन्तराष्ट्रिय स्तरमा थुप्रै मापदण्ड र सिद्धान्तहरु विकसित भएका छन्। गैर न्यायीक र स्वेच्छाचारी हत्याको प्रभावकारी रोकथाम र अनुसन्धान सम्वन्धी राष्ट्र संघिय सिद्धान्तहरु तथा यातना र अन्य क्रुर, अमानविय वा अपमानजनक व्यवहार वा सजायको प्रभावकारी अनुसन्धान र अभिलेखका राष्ट्र संघिय सिद्धान्तहरुले यस किसिमका घटनामा संलग्न रहेका आरोपलागेका व्यक्तिहरुलाई प्रत्यक्ष परोक्ष रुपमा सार्वजनिक पद वा शक्तिमा रहन वाट हटाउनु पर्ने व्यवस्था गरेको छ। यस सिद्धान्तलाई राष्ट्र संघिय मानव अधिकार समितिले पनि अनुमोदन गरेको छ। सभामूख जस्तो अत्यन्त गरिमामय पदमा निर्वाचित हुदा पिडितको न्याय पाउने हकमा गम्भिर कुण्ठा एवं अवरोध पुग्न जाने हुदा सो प्रक्रिया वदर भागी छ ।

५. **मागदावी**

(क) निज बिपक्षी अग्नि सापकोटालाइ सभामुख पदमा निर्वाचित गर्न जारि भएको सम्पूर्ण प्रक्रिया तत्काल रोकी पाउ तथा निजलाई सभामूख पदमा निर्वाचित नगर्नु भनि आदेश समेत जारि गरि पाउ ।

(ख) निज अग्नि सापकोटालाई सभामुख पदमा निर्वाचित गर्न जारि सम्पूर्ण प्रक्रिया उत्प्रेषणको आदेश द्वारा बदर गरि पाउ ।

(ख) निज अग्नि सापकोटा बिरुद्द जाहेरी दर्खास्तमा माग भए बमोजिम कर्तब्य ज्यान मुद्दाको प्रभावकारी अनुसन्धानको लागि तत्काल गिरफ्तार गर्ने नेपाल प्रहरी लगायत सम्बन्धित निकायका नाममा आदेश जारि पाउ ।

(घ) यो अत्यन्त गम्भीर प्रकृतिको मुद्दा भएकोले यसको अनुसन्धानको निगरानी एवं सहजीकरणका लागि नेपाल प्रहरी एवं अन्य सम्बन्धित निकायहरुको समन्वयमा एउटा शक्ति सम्पन्न, उच्च स्तरीय बिशेष कार्य दल ('स्पेसल टास्कफोर्स') को गठन गरि पाउ । सो अनुसन्धानको प्रगति बिवरण सम्मानित अदालतमा प्रस्तुत गर्ने समेत बन्दोबस्त मिलाई पाउ ।

(ङ) लामो समय सम्म सम्मानित सर्वोच्च अदालतको सम्बत २०६८ सालको रिट निबेदन न १०९४ मा जारि गरेको आदेश अनुसार अनुसन्धान प्रक्रिया अगाडी नबढाएको एवं गिरफ्तार नगरेकोले सम्बन्धित प्रहरी कर्मचारीहरुलाई अदालतको अवहेलनामा सजाय समेत गरि पाउ ।

६ माथिको प्रकरणहरुमा उल्लेख गरिए बमोजिम बिपक्षीहरु द्दारा निज अग्नि सापकोटालाइ सभामुखमा निर्वाचित गरिएमा संबिधान एवं बिद्दमान कानूनको गम्भीर उल्लंघन हुने, पिडितको न्याय प्राप्तिको अधिकार कुण्ठित हुने एवं प्रतिनिधि सभा पूर्ण रूपमा अमर्यादित हुने भइ अपुरणिय क्षति पुग्न जाने हँदा यो रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म निजलाई सभामूख पदमा निर्वाचित गर्ने कुनै प्रक्रिया अघि , निर्वाचित नगर्नु एवं सभामुखको रूपमा कुनै कार्य नगर्नु नगराउनु भनि सर्वोच्च अदालत नियमावली २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश समेत जारी गरी पाउँ ।

७ . संलग्न कागजातहरु :-

(क) मिति २० । । मा स.अ.वाट भयको आदेश ।

(ख) मिति २०६९।०८।११ मा स.अ.वाट भयको आदेश ।

८. यो रिट निवेदन दर्ता गर्न कानून व्यवसायी मुकरर गरेको छैन । पछि नियुक्ति हुने कानून व्यवसायीको बहस बुदालाइ पनि यसै रिट निवेदनको अभिन्न अंग मानि पाउ ।

९. यो रिट निवेदन अन्यत्र समानान्तर अधिकार प्रयोग गरेको छैन ।

१०. यो निवेदनपत्रमा लेखिएको व्यहोरा ठीक साँचो छ,झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक

बरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी

इति संवत २०७० साल माघ ९ गते रोज ५ शुभम्.........................................................।